Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI : https://doi.org/10.3126/anweshan.v3i1.81980
Research Article
ISSN: 3021-9035 Print

# बाबु, आमा र छोरा उपन्यासमा अनुभूतिको संरचना

*सन्ध्या सापकोटा*
*sanpahari27@gmail.com*


## लेखसार

प्रस्तुत आलेखमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'बाबु, आमा र छोरा' शीर्षकको उपन्यासलाई साहित्यको समाजशास्त्रीय अध्येता रेमन्ड विलियम्सको अध्ययन पद्धति अनुभूतिको संरचनाका आधारमा अध्ययन विश्लेषण गरिएको छ। महिला समस्यालाई प्रमुख विषय बनाएर लेखिएको यस उपन्यासमा कोइरालाले मानव जीवनलाई विसङ्गत, तारतम्यविहीन र नियति निर्दिष्ट रूपमा प्रस्तुत गरेका छन् । विलियम्सका विचारमा कुनै एउटा खास समयमा समाजमा एक किसिमको संस्कृतिको प्रभुत्व हुन्छ र प्रभुत्वशाली पुस्ताले निर्माण गरेको त्यही संस्कृति त्यो समाजको केन्द्रीय संस्कृतिका रूपमा रहेको हुन्छ। यस्तोमा त्यो प्रभुत्वशाली पुस्ताले अधीनस्थ पुस्ता र उदीयमान पुस्तालाई आफ्नो संस्कृति मान्न बाध्य पार्छ र यस्तो अवस्थामा समाजमा दबाब र तनावको स्थिति सृजना हुन्छ। यसरी अध्ययन गर्दा रेडमन्ड विलियम्सको समाजशास्त्रीय सिद्धान्त अनुभूतिको संरचनाका आधारमा यस उपन्यासमा प्रतिबिम्बित पिँढीगत अनुभूति र प्रभुत्वको परिवेश, अधीनस्थ पिँढीका अनुभूति, दबाबजन्य अनुभूति र तनावजन्य अनुभूतिका कोणबाट उपन्यासको विश्लेषण गरिएको छ । यस उपन्यासमा पितृसत्ताले निर्माण गरेको परम्परागत रूढिग्रस्त सोच प्रभुत्वशाली संस्कृतिको सूचक बनेको र त्यसबाट दोस्रो पिँढीको पात्र उपन्यासकी नायिका उमा (आमा) माथि दबाब र तनावको स्थिति सृजना भएको छ भन्ने सत्यको निरूपण गरिएको छ । पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोत सामग्री सङ्कलन गरेर पिँढीगत अनुभूतिको संरचनाको कोणबाट विश्लेषण गरिएको हुँदा यो अध्ययन गुणात्मक प्रवृत्तिको रहेको छ । परम्परागत रूढिवादी पारिवारिक संरचनाको प्रभुत्वका कारण समाजमा दुई पुस्ताबिच देखिएको तनाव र दबाबले गर्दा मानिसमा अनेक अनुभूति सृजना भएको छ भन्ने निष्कर्ष प्राप्त भएको छ। उपन्यासमा यस्तो विभेदपूर्ण लैङ्गिक संस्कृतिविरुद्ध उभिन सक्ने उदीयमान नारी चरित्रको निरूपण गर्न नसकिए तापनि नारी शिक्षाका कारणले समाजमा विकसित हुँदै गइरहेको नारीचेतनाबाट निसृत नारी अनुभूतिको संरचनाका आधारमा समाज रूपान्तरणको पृष्ठभूमिलाई लेखमा सङ्केत गरिएको छ।



## शब्दकुञ्जी

अधीनस्थ, दबाब, तनाव, पिँढी, प्रभुत्वशाली


## विषय प्रवेश

प्रस्तुत आलेख उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित बाबु, आमा र छोरा उपन्यासको समाजशास्त्रीय अध्ययनमा केन्द्रित छ। यौनमनोवैज्ञानिक कथालेखनबाट साहित्ययात्रा आरम्भ गरेका कोइरालाका तीन घुम्ती (२०२५), नरेन्द्र दाइ (२०२६), सुम्निमा (२०२७), मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४१) र बाबु, आमा छोरा (२०४५) गरेर जम्मा छओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनका यी उपन्यासहरू पढ्दा मानवीय समस्या नियति र अस्तित्व चिन्तनलाई उनले

आफ्ना उपन्यासहरूमा महत्त्वपूर्ण स्थान दिँदै आएको देखिन्छ। बाबु, आमा र छोरा उपन्यास कोइरालाले वि.सं. २०१७ देखि २०२५ सम्म सुन्दरीजल बन्दीगृहको बसाइका समयमा लेखेको उपन्यास हो र यो जेलिएको पारिवारिक सम्बन्धको अनौठो र रोचक कथा पनि हो। कोइरालाको मृत्युपछि मात्र प्रकाशित भएको यो उपन्यासमा मानवजीवन नियतिको घेराभित्र रहेको र जीवनमा धेरै कुराहरू नियतिचक्रका कारण सङ्गत नहुने देखाइएको छ। आधा दशकअगाडिको समाजभन्दा अहिले समाज धेरै विकसित भइसक्दा पनि परम्पराको रूपमा हाम्रो समाजमा कतिपय यस्ता कुराहरू यथावतै छन्, जसले महिलाको हकअधिकार सङ्कुचित गराउँदै आएका छन्। यहाँ २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि आएको जागरणबाट प्राप्त छोरीलाई पनि पढाउनुपर्छ भन्ने नवचेतनाका प्रभावले एकातिर नायिका उमालाई पढाउन बनारससम्म पठाइएको छ भने अर्कोतिर उमाको विवाह उसको मन्जुरी विना नै दोब्बर उमेरको धनी पुरुषसँग गराइएको छ। महिलालाई कुनै स्वतन्त्रता आवश्यक छैन त्यसैले उनीहरूलाई आफ्नो निजी जीवनका बारेमा समेत निर्णय लिने अधिकार छैन भन्नेजस्ता पितृसत्ताले निर्माण गरेको रूढिग्रस्त सोच प्रभुत्वशाली संस्कृतिको सूचक बनेर आएको छ र त्यही सांस्कृतिक प्रभुत्व निरन्तर रूपमा उत्पीडनको संस्कृति प्रसारित गर्ने आधार बनेको कुरा यस कृतिबाट उद्घाटित हुन्छ। यो क्रममा उपन्यासमा नायिका उमा (आमा) को दबाब र तनावजन्य कारुणिक जीवन र उसका मार्मिक अनुभूतिहरू माध्यम बनेका छन्।

प्रस्तुत अनुसन्धानात्मक लेखमा प्रमुख नारी पात्र उमामा निर्मित अनुभूतिको संरचनाको स्वरूप र त्यसको निर्माण प्रक्रिया मुख्य शोधसमस्या रहेको छ। अनुभूतिको संरचना कालखण्ड विशेषको संस्कृति हो र यो सामान्य सङ्गठनसम्बद्ध सबै तत्त्वहरूको विशेष र जीवित परिणाम हो (विलियम्स सन् १९६५, पृ. ६४)। संस्कृतिसम्बन्धी केन्द्रीय मान्यताका रूपमा रहेको यो सिद्धान्तअनुसार हरेक कालखण्डमा समाजमा आआफ्नो सांस्कृतिक वैशिष्ट्य बोकेका तीनओटा समुदाय वा पिँढी रहन्छन् र तीमध्ये पहिलो प्रभुत्वशाली पिँढीले प्रभुत्व जमाउन खोज्दा दोस्रो वैकल्पिक र तेस्रो उदीयमान पिँढी वा समुदायले पीडाको अनुभव गरिरहेका हुन्छन्। त्यसबाट उत्पन्न हुने तनाव र दबाबजन्य स्थितिका कारण आआफ्नो विशिष्ट प्रकारको अनुभूतिको संरचना निर्माण गरिरहेका हुन्छन्। कोइरालाको यस बाबु, आमा र छोरा उपन्यासमा पनि पितृसत्तात्मक प्रभुत्वशाली संस्कृति वैकल्पिक समुदायगत अनुभूति निर्माणको सशक्त आधार बनेको छ। विलियम्सले जीवन्त अनुभूतिका रूपमा कृतिमा वर्गीय, जातीय, लैङ्गिक आदि संस्कृति व्यक्त हुने र त्यही संस्कृति साहित्यिक अध्ययनको विषय बन्ने विचार व्यक्त गरेका छन्। उनैको समाजशास्त्रीय अवधारणा अनुभूतिको संरचनालाई मूल आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ, जसअनुरूप उपन्यासका पात्रहरूले कसरी लैङ्गिक प्रभुत्व जमाएका छन् र त्यसबाट केकस्तो दबाब र तनावको स्थिति पैदा भएको छ भन्ने सम्बन्धमा सैद्धान्तिक पर्याधार निर्माण गरी सोही आधारमा प्रभुत्व, तनाव तथा दबाबको स्थितिको अध्ययन गर्नु यस अध्ययन कार्यको सीमा हो।

## *अध्ययनविधि*

प्रस्तुत अध्ययन कार्य तयार पार्न आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ। विश्वेश्वरप्रसाद कोइरालाद्वारा सृजित उपन्यास बाबु, आमा र छोरालाई प्राथमिक शोध्य सामग्रीका रूपमा छनोट गरिएको छ। द्वितीयक सामग्रीका रूपमा रेमन्ड विलियम्सको अनुभूतिको संरचना र ग्राम्सीको प्रभुत्वसम्बन्धी मान्यताको विमर्श गरिएका पुस्तक तथा पत्रपत्रिकाबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ। कोइरालाकृत प्रस्तुत उपन्यासलाई पाठ विश्लेषण विधिअनुरूप स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक अध्ययन गरिने हुँदा यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ।

## *अध्ययनको सैद्धान्तिक आधार*

साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा विभिन्न पद्धतिको विकास भएको पाइन्छ; तीमध्ये साहित्यको समाजशास्त्रको अध्ययन गर्ने मीमांसावादी धाराका बेलायती चिन्तक रेमन्ड विलियम्स (१९२१–१९८८) को अनुभूतिको

संरचनासम्बन्धी अवधारणा उनको समग्र सांस्कृतिक चिन्तनमा पाइने केन्द्रीय पदावली तथा मान्यतासमेत हो। उनले सन् १९५४ को आफ्नो प्रिफेस टु फिल्म एन्ड ड्रामटिक ट्रेडिसन्स भन्ने लेखमा प्रथम पटक यस अवधारणाको व्याख्या गरेका छन् । मजदुरहरूको जीवन र उनीहरूको आन्दोलनलाई नजिकबाट हेर्ने र अध्ययन गर्ने अवसर पाएका विलियम्सले वेल्सको श्रमिक जनजीवन र त्यहाँको सांस्कृतिक चेतनासँग गहिरो सम्बन्ध राख्नुका साथै त्यसको गहिरो ज्ञान प्राप्त गरेका थिए (पाण्डेय, १९८८, पृ. १६२) । यसै पृष्ठभूमिमा उनले संस्कृति र समाजको सन्दर्भलाई महत्त्व दिँदै आफ्ना अनुभूतिको संरचनासम्बन्धी मान्यता अगाडि ल्याएको भेटिन्छ। उनका अनुसार अनुभूतिको संरचना एउटा कालखण्ड विशेषको संस्कृति हो (विलियम्स, सन् १९६५, पृ. ६४) । प्रत्येक कलाकृति अनुभूतिको उपज भएको र ती संस्कृति पहिचानको आधार भएको हुँदा त्यसको अध्ययनबाट कालखण्डको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक प्रक्रियाका अनेक स्तरीय सम्बन्धको पहिचान सम्भव हुन्छ भन्ने उनको तर्क रहेको छ । यस क्रममा हरेक कालखण्डमा तीन तहको संस्कृति हुन्छ र त्यसमध्ये प्रभुत्वशाली वर्गले आफ्नो संस्कृतिलाई सधैँ अधीनस्थ वर्गमा प्रसार गर्दै त्यसैमा अभ्यस्त राख्छ भन्ने ग्राम्सीको मतमा विलियम्सको स्वीकारोक्ति रहेको छ (पाण्डेय, २०७३ पृ .३३) । यसरी संस्कृतिको विवेचनाका क्रममा विलियम्स ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणाबाट प्रभावित हुँदै मूलधारको संस्कृतिमा प्रभुत्वशाली समुदायले वैकल्पिक सामुदायलाई अधीनस्थ राख्ने उद्देश्यले हरतरहले शक्तिको अभ्यास निरन्तर गर्ने तर्क अघि सार्छन्। यस क्रममा अधीनस्थ समुदाय वा तेस्रो उदीयमान समुदायले उत्पीडनका कारण बेहोर्नु परेको दबाब र तनावले तिनमा विशिष्ट अनुभूतिको सृजना हुन्छ जुन अनुभूतिले कालखण्ड विशेषको संस्कृतिलाई प्रतिनिधित्व गरिरहेको हुन्छ भन्ने उनको मान्यता रहेको छ। मार्क्सवादको भौतिकवादमा टेकेर अध्ययन गरेका हुनाले उनको अध्ययनलाई सांस्कृतिक भौतिकवाद वा संस्कृतिको समाजशास्त्र भनेर बुझिन्छ । उनको अध्ययन संस्कृति केन्द्रित भए पनि उनले संस्कृतिलाई भौतिकवादी दृष्टिकोणले हेरेका छन् । संस्कृति आफैँमा स्वायत्त र स्वतन्त्र भएको हुँदा अधिरचनामा आफैँ स्वायत्त किसिमले परिवर्तन हुन्छ त्यसैले मार्क्सवादले भनेजस्तो अधिरचना आर्थिक ढाँचाअनुसार हुँदैन, संस्कृतिमा आएको परिवर्तनले पनि समाज बदल्न सक्छ भन्ने उनको तर्क छ।

संस्कृतिलाई परिभाषित गर्ने क्रममा उनले यसको तीन ओटा तह देखाएका छन् । समाजमा वहुआयामिक सम्बन्धहरू हुन्छन् र ती सम्बन्धहरूबिच अन्तर्विरोधबाट मान्छेले जीवन्त अनुभूति सँगाल्छ, त्यो अनुभूति नै पहिलो संस्कृति हो। त्यो अनुभूतिलाई दस्तावेजका रूपमा कलाकृति, साहित्य, चित्रकला, सङ्गीत आदिका माध्यमबाट अभिव्यक्त गरिन्छ त्यो दोस्रो रूप हो र दुवैको माध्यमबाट जुन परम्परा स्थापित गरिन्छ त्यो तेस्रो रूप हो। त्यो तेस्रो रूपलाई खास छानिएको परम्पराको संस्कृति मानिन्छ। उनले विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएका छन् । उनका अनुसार प्रत्येक कालखण्डको समाजमा यस्ता पिँढी र समुदाय रहन्छन् तथा तिनका आआफ्ना अनुभूति हुन्छन् । कलाकृति यही अनुभूतिको संरचनाको उपज हो ( विलियम्स, सन् १९६५, पृ.६४) । समाजमा जुन वर्ग, जाति सत्तासीन छ त्यो वर्गको संस्कृतिलाई परम्पराका रूपमा स्वीकारिन्छ। जुन समुदाय, वर्ग जाति, लिङ्ग सत्ताभन्दा बाहिर छ; त्यसको संस्कृति मूलधारमा समाहित वर्ग जाति सत्ताभन्दा बाहिर छ। त्यसको संस्कृति मूलधारमा समाहित हुँदैन र त्यसलाई उपसंस्कृति मानिन्छन्। यसका आधारमा उनले संस्कृतिलाई प्रभुत्वशाली, अवशिष्ट र उदीयमान भनेर व्याख्या गरेका छन् । उनका अनुसार उदीयमान अनुभूतिको संरचना एकैचोटि निर्माण नभई बिस्तारै तयार हुँदै जान्छ र यस्तो उदीयमान पिँढीले समाजमा नयाँ मूल्य, अनुभव र व्यवहारबाट परिवर्तनका लागि आवाज उठाउँछन् । (विलियम्स, सन् २०१०, पृ. १२३) । अनुभूतिको संरचनाको अध्ययनसँगै कलाकृतिको समाजशास्त्रीय अध्ययन गर्दा यसको समाजसँग केकस्तो सम्बन्ध छ भन्ने कुरा खोजी गरिन्छ भन्ने मत विलियम्सको रहेको छ। अनुभूतिको संरचनाको माध्यमबाट कला, इतिहास,

समाज संस्कृति, दर्शन आदि समग्र कुराको अध्ययन गर्न सकिन्छ। प्रस्तुत अध्ययनमा उनको यही सिद्धान्तका आधारमा विश्वेश्वरप्रसाद कोइरालाको बाबु, आमा र छोरा उपन्यासको विश्लेषण गरिएको छ।

## *उपन्यासभित्रको सामाजिक सन्दर्भ*

तत्कालीन समयको नेपाली समाज र त्यसमा महिलाको अवस्थालाई चित्रण गरिएको बाबु, आमा र छोरा उपन्यासभित्र म पात्र (उमा) को केन्द्रीयतामा घटनाक्रम अगाडि बढेको छ भने बाबु र छोरालाई सहायक पात्रका रूपमा प्रस्तुत गरिएको छ। संस्मरणात्मक शैलीको यस उपन्यासका माध्यमबाट कोइरालाले मानवजीवनलाई नियतिले विशृङ्खलित र तारतम्यविहीन अवस्थामा पुऱ्याउँछ भन्ने कुरालाई विभिन्न घटना परिघटनाहरूका माध्यमबाट नाटकीय ढङ्गले प्रस्तुत गरेका छन्।

उपन्यासमा नायिका उमाले बनारसमा अध्ययन गर्ने मौका पाएकी छ, यसबाट समाजमा छोरीलाई पनि पढ्न पठाउनुपर्दछ भन्ने चेतना समाजमा विकसित हुँदै गएको तत्कालीन सामाजिक अवस्थालाई बुझ्न सकिन्छ। तर यति हुँदाहुँदै पनि विवाहका लागि आफैँले वर छान्न नसकेको अवस्थाको चित्रणले समाजमा पढेलेखेका नारीहरूले पनि पितृसत्तात्मक सोचका कारण कसरी आफ्ना बारेमा समेत निर्णय गर्न सकिरहेका छैनन् भन्नेमा स्पष्ट हुन सकिन्छ। उपन्यासमा नायक शिवप्रसाद र नायिका उमा स्वेच्छाले विवाह बन्धनमा बाधिन्छन्। बाबुको दोस्रो विवाहका लागि सामान किन्न जव नायक शिवप्रसाद कलकत्ता जान्छन्। त्यही समयमा नायिका उमालाई उनका दाजुले काठमाडौँ लिएर जान्छन् र उतै विवाह गरिदिन्छन्। यस्तोमा पितृसत्ताले निर्माण गरेको असमान लैङ्गिक भूमिकाका कारण उनले आफू विवाहित भैसकेको हुँदा दोस्रो विवाह गर्न नसक्ने कुरा बलियोसँग राख्न असमर्थ हुन्छिन्। विवाहित भएको र गर्भ पनि रहेको कुरा आमालाई बताएर न्याय पाउने सोच उमाले राखेकी हुन्छिन् तर आमाको समेत साथ नपाएपछि अन्ततः उनी आफूभन्दा दोब्बर जेठो ४५ वर्षको बस्नेतसँग विवाह गर्न विवश हुन्छिन्। विवाहपछि लोग्नेलाई प्रेम गर्न सक्दिनन्। उनलाई जीवन व्यर्थ लाग्छ, आत्महत्या गर्न मन लाग्छ तर पेटमा हुर्किरहेको प्रेमी शिवप्रसादको नासोले उनलाई आत्महत्या गर्नबाट रोक्छ। तर जब उमाले आफ्नी आमाको मृत्यु भएको खबर पाउँछिन् त्यति बेला उनलाई आफ्नो त्यो अवस्थाले गर्दा मातृवियोगको कुराले पनि त्यति छुँदैन बरु त्यसपछि भने उनी प्रारब्धको खेल ठानेर समयसँग सम्झौता गरेर आफ्नो त्यही बुढो लोग्ने बस्नेतलाई माया गर्न थालेर वर्तमानलाई सहज बनाउने प्रयासमा लाग्छिन्। उता शिवप्रसाद बाबुको विहेको सामानहरू घर पठाएर जब बनारस पुग्छन्। उमाको बिहे अन्तै भैसकेको कुरा चाल पाउँछन्। त्यसपछि विक्षिप्त भएर एक्लो जीवन बिताउन थाल्छन्। यता घरमा भने शिवप्रसादका बुबा र उसले बिहा गरेकी कान्छी आमा उसको आफ्नै प्रेमीका उमालाई उसका बारेमा चिन्ता भैराखेको हुन्छ; तर उमालाई आफ्ना पति बस्नेत प्रेमी शिवप्रसादका बाबु हुन् भन्ने थाहा हुँदैन। त्यस्तै प्रेमी शिवप्रसादलाई पनि बाबुकी कान्छी श्रीमती आफ्नै प्रेमिका हुन् भन्ने पत्तो हुँदैन। यसबिचमा उमाले छोरो जन्माउँछे। तर एक दिन अकस्मात् जेठो छोरो शिवप्रसाद घरमा आउँछ त्यसपछि कथाले अर्कै रूप लिन्छ। घरमा पुगेपछि शिवप्रसाद प्रथम पटक कान्छी आमालाई भेट्न भनेर उनको कोठैमा पुग्दा कान्छी आमाको नातामा आफ्नै प्रेमिकालाई पाएर स्तब्ध हुन्छ। यहाँ समाजमा परम्परा र आदर्शको नाममा एउटी नारीले भोग्न परेको पीडाको चित्रणले एउटा कारुणिक आख्यानको निर्मिति भएको छ। प्रत्येक मानिसको आफ्नो जीवनमाथिको अधिकार आफ्नै हुन्छ भन्ने अस्तित्ववादी मान्यताको विपरीत यहा एउटी नारीलाई उसको इच्छाविपरीत विवाह गर्न लगाउने पितृसत्तात्मक सोचको प्रभुत्व दरो गरी स्थापित भएको छ र अधीनस्थ समुदायमा त्यसले सृजना गर्ने घटनाहरूले उपन्यासमा आख्यानको रूप लिएको छ। प्रस्तुत आलेखमा यो आख्यानमा आएका सांस्कृतिक सन्दर्भले फरकफरक समुदायमा अनुभूतिको संरचनाको अध्ययन गरिएको छ।

## *बाबु, आमा र छोरा उपन्यासमा प्रतिबिम्बित पिँढीगत अनुभूतिहरू र प्रभुत्वको परिवेश*

यो उपन्यासको लेखनकाल वि.सं. २०१७ देखि २०२५ सम्मको उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला सुन्दरीजल बन्दीगृहको बसाइको समयावधि हो। तत्कालीन समयमा नेपाली समाजको सामाजिक संरचनामा रहेको लैङ्गिक र वर्गीय विभेदात्मक संस्कृतिको पृष्ठभूमिमा प्रस्तुत उपन्यास निर्माण गरिएको छ । पितृसत्तात्मक सोचका मानिसहरूले नारीलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई संस्कृतिको द्योतकका रूपमा यसमा प्रस्तुत भएको छ। पितृसत्तात्मक नेपाली समाजमा बस्नेत जस्ता ४५ वर्षका पुरुषले आफूभन्दा दोब्बर उमेरकी नारीसँग विवाह गर्न पाउँछ तथा समाजले त्यसलाई सहज रूपमा स्वीकार्छ। किनभने ऊ पिँढीगत रूपमा प्रभुत्वशाली वर्गमा पर्छ। तर पुरुषप्रधान समाजले छोरीको जीवनलाई कुनै मूल्य दिँदैन, त्यसैले अधीनस्थ पिँढीको प्रतिनिधित्व गर्ने उपन्यासकी नायिका उमाले आफूले चाहेको जीवनसाथी छान्नेसम्म अधिकार पाउँदिन। प्रभुत्वका रूपमा पितृसत्तात्मक सोच मौलाएको छ र यो सोच पुरुष पात्रहरूमा मात्र नभएर उमाकी आमा जस्ती नारी पात्रमा पनि व्याप्त भएको पाइन्छ।

*दिनभरि रोइरहे, एक्लै वा जो सामुन्ने पऱ्यो उसैको अगाडि 'बा, म बिहा गर्दिनँ। आमा, म बिहा गर्दिन' (पृ ६८)। 'मैले आमाको काखमा मुन्टो घुसारेर घुँक्कघुँक्क गर्दै भनेँ– हो आमा मेरो स्वयंवर भैसकेको छ । बनारसमा एउटा साथीसित' (पृ. ६८)। 'म हताश भएँ। म फेरि आमाकहाँ पुगेँ। उहाँ कोठाको अँध्यारो कुनामा बसेर दुना गाँसेर बस्नु भएको थियो भनेँ– आमा ! मैले पेट बोकी सकेकी छु' (कोइराला, पृ. ७३)।*

उमाका उपर्युक्त आत्मकथनबाट पितृसत्तात्मक सांस्कृतिक प्रभुत्वका कारण उमासँगै उनकी आमा जस्ती अधीनस्थ महिलाहरूको समुदाय वा वर्गमा पीडायुक्त दबाब र तनावजन्य विशिष्ट अनुभूतिको सृजना भएको छ । छोरी मान्छेको कुनै मूल्य हुँदैन । उसलाई आफ्नो जीवनसाथी रोज्नेसम्म पनि अधिकार छैन भन्नेजस्ता पितृसत्तात्मक समाजमा उत्पादन गरेको ज्ञानले गर्दा यहाँ दोस्रो पिँढी वा अधीनस्थ पिँढीले त्यसलाई आफ्नो ठानेर ग्रहण गर्दै गएको छ। यस उपन्यासमा नायिका उमालाई आफ्नो अस्तित्व बोध हुँदाहुँदै पनि सामाजिक दृष्टिकोणका कारण उसले जीवनमा आएका समस्याहरूलाई नियतिको खेल भनेर सहेको यो घटनाले नेपाली नारीको वास्तविकता प्रस्तुत गरेको छ । नारीप्रति तत्कालीन समाजको यस्तो धारणालाई प्रस्तुत गर्दै यहाँ लेखकले समाजमा रहेका विभेदहरूलाई पहिचान गरेर जबसम्म तिनलाई हटाउन नारी आफैँ जागरूक हुँदैनन्, तबसम्म यस्ता विभेदहरू रहिरहन्छन् भन्ने सन्देश दिन खोजेका छन् । पितृसत्ताको प्रभुत्वशाली संस्कृतिका कारण निर्मित मानसिकतालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

यस्तो अन्योलमा पर्दा जब मलाई केही कुरा पनि नबुझ्नेजस्तो लाग्छ भाग्य भन्ने कुरामा विश्वास गर्न मन लाग्छ, आफ्नो कर्ममा सक्रियता स्त्रीको गुण होइन, त्यो कर्ता हुन सक्दिन। नारी त्यस्ती तत्त्व हो जसमाथि क्रिया सम्पादित हुनुपर्छ। निचेष्टा होइन, नारी कहिल्यै निचेष्ट हुन्न केवल सक्रिय त्यो हुन सक्दिन। उध्रिने चेष्टा उसको स्वभाव हो। सक्रिय हुन नसकेकी अबला, कर्म हुनु परेकाले भाग्य भन्ने कुरामा आधारित। मलाई लाग्छ नारीलाई भाग्यको आधार नलिई हुन्न। त्यसैले त हामी जुन परिस्थितिमा पनि आफूलाई अनुकूल पार्न सक्छौँ (कोइराला, २०६१, पृ. २४)।

पितृसत्तात्मक समाजले निर्धारण गरेको नारी आदर्शका कारण नेपाली समाजमा नारीहरूले भोग्दै आइरहेका पीडा र अन्योलसँग आफ्नो जीवनको अवस्थालाई दाँज्दै यहाँ नायिका उमाले आफूले चाहेजस्तो जीवन बाँच्ने अधिकार पुरुषहरूलाई मात्र भएको र पुरुषहरूको चाहनाअनुसार चल्नुपर्ने र भाग्यले नै जीवन निर्धारण गर्ने नारीको जीवनलाई नियतिको खेलका रूपमा व्यक्त गरिएको छ। ग्राम्सीको प्रभुत्वको अवधारणा पहिलाको संस्कृतिलाई दोस्रोले आफ्नो ठानेर ग्रहण गर्दै जान्छ भन्ने रहेको छ; सोहीअनुरूपको परिस्थिति उपन्यासमा सृजना भएको छ। सम्पत्ति भएको केटासँग समाजमा उमेर नै नमिले पनि

महिलालाई विवाह गरेर पठाउने कुसंस्कृतिले गर्दा यहाँ उपन्यासकी नायिकाले अत्यन्त दुःख र पीडा खप्नुपरेको छ र त्यसको विरोध नगरीकन नियति मानेर सहेर बसेको घटनालाई ऊभित्र सबै कुरा प्रारब्धको अधीनमा रहेको हुन्छ । त्यसैले स्विकार्नुपर्छ भन्ने विश्वदृष्टि निर्माण हुन पुगेको छ। यसो हुनुको प्रमुख कारण प्रभुत्वशाली पिँढीले अधीनस्थमा आफ्नो संस्कृति थोपरिरहनु हो । अधीनस्थ पिँढीको उदीयमान पुस्ताले पुरानो संस्कृतिप्रति असहमति जनाउँदै सांस्कृतिक विद्रोह गर्छ र नयाँ संस्कृतिको प्रयोग गर्न थाल्छ भन्ने मान्यता रेमन्डको रहेको छ। यस उपन्यासमा नायिकाले परम्पराको रूपमा अघिल्लो पिँढीबाट आएको सांस्कृतिक मूल्यमान्यताको कारण जुन पीडा खप्न परेको छ त्यसमा असहमति जनाएर विरोध नगरेर नियति मानेर स्वीकारेको हुँदा दोस्रो पिँढीले नयाँ संस्कृतिको प्रयोग गर्न नसकेको अवस्था छ र त्यसको अस्तित्व निर्माण हुन सकेको छैन। जसले गर्दा अर्को संस्कृति निर्माण हुन सकेको छैन। तर नायिकाको रूपमा रहेकी अधीनस्थ पुस्ताले त्यसलाई सहँदै गर्दा पनि उसमा शिक्षाका कारण आएको चेतनाले गर्दा जुन अस्तित्वबोध भएको छ त्यसले गर्दा उदीयमान पुस्ताको लागि पृष्ठभूमि तयार भएको छ।

## *बाबु, आमा र छोरा उपन्यासमा दबाब र तनावजन्य अनुभूति*

यस उपन्यासमा प्रभुत्वशाली पिँढीले वैकल्पिक पिँढीलाई अधीनस्थ बनाएको छ र यसले गर्दा तनावको स्थिति सृजना भएको छ। उपन्यासमा संरचित अनुभूतिहरूले एउटा कालखण्डको सामाजिक संस्कार र संस्कृतिलाई उजागर गरेको छ जसलाई वैकल्पिक पिँढीले विरोध गर्न नसके पनि उसभित्र पलाएको युगीन अनुभूतिमा आधारित छ। उपन्यासको आख्यान सन्दर्भ नायिका उमामाथि परेको दबाब र त्यसले उत्पन्न गर्ने तनाव अनि त्यसबाट सृजित विशिष्टअनुभूतिको संरचनामा आधारित छ। पितृसत्तात्मक नेपाली समाजले उत्पादन गरेको ज्ञानले नारी र पुरुषलाई हेर्ने दृष्टिकोण छुट्टाछुट्टै बनाएको छ । यही सांस्कृतिक प्रभुत्वका कारण उमाको जीवनदशा यस्तो बनेको कुरा उनकै यो आत्मकथनबाट स्पष्ट हुन्छ–

*'आजकाल ठुलो घरको एकान्त बार्दलीमा बसेर म सोच्छु– मैले हातगोडा किन चालिनँ ?*

*किन डाँको छोडेर कराइनँ दुनियाँले नै सुन्ने गरेर– मेरो स्वयंवर भइसकेपछि म अर्को बिहा गर्दिनँ।'*

*'  रणचण्डी भएर घर, समाज मातापिता, दाजुभाइ सबैलाई तिलाञ्जलि दिएर किन भनिनँ म आफू हुन्छु। किन मैले पुरुषार्थ गरिनँ र यदि त्यो गर्न नसके पनि किन सुतिदिइनँ रेलतल वा नदीको जलभित्र ... किन मृत्युलाई वरण गरिनँ ? (पृ. ४३)।'*

उपन्यासमा आएको यो सन्दर्भबाट यहाँ म पात्रका पीडाबोधका अनुभूतिहरू स्पष्ट हुन्छ । यहाँ आफूले प्रेमीसँग विवाह गरिसकेकाले अर्को व्यक्तिसँग विवाह गर्न नसक्ने कुरा बलियो रूपमा राखेर बरु सबैलाई परित्याग गरेर जानुपर्थ्यो भन्ने नायिकालाई बोध भएको छ। यसबाट उत्पीडित समुदायमा सृजना हुँदै गइरहेको उदीयमान अनुभूतिको संरचनाका आधारमा उदीयमान नारी चरित्र निर्माण हुँदै गएको अवस्था निरूपण भएको छ । सच्चा प्रेमको अस्तित्व रक्षा गर्न नसकेपछि आज यसरी अनिच्छित वैवाहिक सम्बन्धमा बाँधिएर जिउँदो लास भएर बाँच्नुभन्दा त रेलको लिकमा सुतेर वा नदीमा हामफालेर प्राण त्याग गरेको भए बरु बेस हुन्थ्यो भन्ने जस्तो म पात्रका अनुभूतिहरूले तनाव र दबाब सृजना भएको देखिन्छ। यस्तो स्थितिमा म पात्रका भावनात्मक अनुभूतिहरू उपन्यासमा यसरी आएका छन्–

*मैले अठोट गरेँ नियतिको अवज्ञा गर्दिनँ।*
*अपरिहार्यतासँग सहयोग गर्छु (पृ. ५४)।*

पहिलो प्रभुत्वशाली संस्कृतिलाई दोस्रो अथवा अधीनस्थले आफ्नो ठानेर ग्रहण गर्दै जान्छ भन्ने ग्राम्सीको प्रभुत्वको अवधारणा छ। यो उपन्यासमा पनि प्रभुत्वशाली संस्कृतिलाई अधीनस्थ संस्कृतिले पूर्णरूपमा ग्रहण नगरे पनि त्यसको विरोध गर्दै सङ्घर्षमा उत्रन नसकेको कुरा माथिको उदाहरणबाट स्पष्ट हुन्छ यहाँ म पात्रमा

आफ्नो अस्तित्वबोध हुँदाहुँदै पनि प्राप्त गर्न चाहेको कुरा नपाएपछिको अवस्थामा सबै कुरा प्रारब्धको खेल हो, मान्छेले चाहेर मात्र हुँदैन भनेर आफ्नो मनलाई सम्झाउन खोजिएको छ। प्रारब्धको खेलमा परेर गुमाएको जीवनका खुसीहरूलाई सम्झँदै विधिको विधान वा नियतिको विपक्षमा जान कोही पनि सक्दैन भन्ने विचार यहाँ व्यक्त गरिएको छ । त्यसले गर्दा म पात्रमा तनाव र दबाबको स्थिति सृजना भएको छ। यहाँ नियतिले दिएको चोट खप्न बाध्य हुनुपर्छ भन्ने अनुभूति नायिकालाई भएको छ। यसरी सामाजिक दबाबका कारण समाजमा घट्ने घटनालाई उपन्यासमा यथार्थ रूपमा चित्रण गर्दै पिँढीगत अनुभूतिलाई प्रस्ट पारिएको छ । तत्कालीन समाजमा पितृसत्तात्मक सोचका कारण नारीहरूमा तनाव तथा दबाबको स्थिति सृजना भइरहेछ भन्ने समाजको यथार्थलाई  विलियम्सले भने जस्तै सामाजिक घटनालाई पात्र अनुभूतिमा आरोपित गरेर उपन्यासकारले प्रस्तुत गरेका छन् । यहाँ म पात्रको अनुभूतिगत सन्दर्भबाट तत्कालीन समाजमा नारीप्रतिको दृष्टिकोण कस्तो थियो भन्ने बुझ्न सकिन्छ र त्यहा व्यक्त भएका नायिकाका विचारहरूलाई त्यो विभेदपूर्ण व्यवहार विरुद्ध उठेका आवाजका रूपमा लिन सकिन्छ। विलियम्सले भनेका छन् हरेक समाजमा विद्यमान तीनवटा पिँढीबिच अन्तर्सङ्घर्ष सम्बन्ध हुन्छ र तिनीहरूले अन्तर्सम्बन्धमा तनाव र दबाबको अनुभूति गर्छन् (विलियम्स, सन् २०१०, पृ.१२६) । यहाँ विभेदपूर्ण सामाजिक संरचनाले निर्माण गरेको ज्ञानलाई नै परम्परा मानेर बाँच्ने पात्रहरूका कारण नायिका उमाको जीवन तनावमा परेको छ र उसमा निर्माण भएको अनुभूतिको संरचनाले नै कथानकलाई निष्कर्षमा पुऱ्याएको छ । त्यस्तै उमासँग स्वतन्त्रतापूर्वक विवाह गरेर आनन्दले बाँच्न चाहने शिवप्रसादको जीवनमा पनि तनावजन्य अनुभूतिको सृजना भएको छ। अर्कोतिर उमाका पति बस्नेत जब आफूले विवाह गरेको कान्छी श्रीमती उमा आफ्नै छोराको पत्नी रहिछन् र उनको पेटको बच्चा उसैको रहेछ भन्ने चाल पाउँछन्। उनमा त्यति बेला जुन किसिमको विसङ्गतिबोध हुन्छ त्यसले निर्माण हुने अनुभूतिको संरचनाले प्रभुत्वशाली पिँढीमा भएको तनावलाई पनि बुझ्न सकिन्छ।

## *निष्कर्ष*

प्रजातन्त्रोत्तर नेपाली सामाजिक संस्कृति बन्द घेराबाट खुल्ला दिशातर्फ अभिमुख हुँदै गएका कारण उपन्यासकी नायिका उमाजस्ता नारीहरूले शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित हुन नपरे पनि पुरानो परम्पराका रूपमा जरा गाडेर बसेका प्रभुत्वशाली संस्कृतिका विकृतिहरूको अवशेष बाँकी नै रहेको र त्यसबाट पीडा खप्नु परेको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ। जीवन भोगाइको क्रममा यहाँ नायिका उमाले जुन खासखालको अुनभव गरेकी छन् वास्तवमा त्यो नै संस्कृतिको कालखण्ड हो र नायिका उमाका अनुभूतिलाई औजारका रूपमा आधार मानेर हेर्दा त्यतिखेरको नेपाली सामाजिक संरचनामा सांस्कृतिक प्रभुत्वको बलियो उपस्थिति देखिन्छ। अधीनस्थ पिँढीले घटनाक्रमहरूलाई नियति निर्दिष्ट ठानेको हुँदा प्रस्तुत उपन्यासको संस्कृति र अनुभूतिको संरचना पनि प्रभुत्वशाली सामाजिक संरचनाको सांस्कृतिक उपजका रूपमा देखा परेको छ । यहाँ नायिका उमाले आफू अर्कैको प्रेममा परेको कुरा आमासँग गर्दागर्दै पनि अर्कैसँग विवाह गर्नुपर्ने बाध्यताले गर्दा तनावको अवस्था सृजना भएको छ । अधीनस्थ पिँढीले यहाँ त्यसको सिधै प्रतिकार गर्न नसके पनि आफ्ना अनुभूतिहरूका माध्यमबाट आक्रोश व्यक्त गरेको र पीडामा परेको कुरा अनुभव गरेको हुँदा नयाँ संस्कृति निर्माण हुने सङ्केत भए पनि तत्कालीन अवस्थामा प्रतिकार नगरेको हुँदा यो संस्कृति स्थापित हुन सकेको छैन । मूलतः प्रभुत्वशाली संस्कृतिबाट प्रसारित भएको सांस्कृतिक प्रभुत्वका कारण वैकल्पिक संस्कृतिमा उत्पन्न भएको तनाव र दबाबको स्थिति सृजना भएको छ। युगौँदेखि प्रसारित पितृसत्तात्मक सस्कृतिका कारणले प्रतिरोधी स्वरसहितका अनुभूति भएको उदीयमान पिँढीको उदय भइनसके पनि अधीनस्थ समूहले उत्पीडन अनुभूति गरेको हुँदा समाजमा नारी समुदायका पिँढीगत अनुभूतिको संरचनामा परिवर्तन आउँदै गरेको बारे स्पष्ट हुन सकिन्छ।

संस्कृतिजन्य विकृतिहरूको उपस्थितिबारे उजागर गर्दै त्यसका माध्यमबाट विभेदका विरुद्ध नारीहरू स्वयम्ले आवाज उठाउनुपर्छ भन्ने सन्देश प्रवाह गर्नु यस उपन्यासको वैशिष्ट्य हो ।

सन्दर्भ सामग्रीसूची

कोइराला, विश्वेश्वरप्रसाद (२०४५). *बाबु, आमा र छोरा.* काठमाडौँ : सुरुचि प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद.* काठमाडौँ : नेपाली आख्यान समाज ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्यका समाजशास्त्र की भूमिका.* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

बराल, ऋषिराज (२०६४). *साहित्य र समाज.* ललितपुर : साझा प्रकाशन

घिमिरे, विदुला (सन् २०२३). 'प्रगतिवादी नेपाली कथाका नारीपात्रहरुमा अनुभूतिको संरचना'. *आर आर जर्नल.* ४ (४), पृ. ६५–७८ ।

पाण्डेय, ताराकान्त (२०६९).'बसाइँ उपन्यासको समाजशास्त्र'. *प्राज्ञिक संसार.* (१/४)५५–६३।

Williams, R. (1961/1965). *The long revolution.* (2nd Ed). London : Penguins books.

Williams, R. (1977/2010). *Marxism and literature.* (Reprinted). Nodia : Nutech Photolithographers, Oxford University Pres.